# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुडा डडेल्धुरा
### सुदूरपश्चिम प्रदेश, नेपाल

**नायाव पशुसेवा प्राविधिक पद करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०५/०८ गते )

प्रस्तुत बिषयमा परशुराम नगरपालिका नगर कार्यपालिकाको बैठकको मिति २०७९/०४/१८ गतेको निर्णयानुसार परशुराम नगरपालिका वडा नं ७ स्थित सामुदायिक पशुसेवा केन्द्रमा रिक्त रहेको नायव पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरीनरी पदमा करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०५/२०७९/०८० | नायव पशुसेवा प्राविधिक | चौथो | १(एक) |

१. आवश्यक न्यूनतम योग्यता: नायव पशुसेवा प्राविधिकको पदपुर्तिका लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक :

क) नायव पशुसेवा प्राविधिकका लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस्.एल.सी उत्तिर्ण गरी न्युनतम १.५ बर्ष जेटिए ( पशु पालन/पशु स्वास्थ्य ) तालिम प्राप्त वा कृषि ( पशु पालन/पशु स्वास्थ्य ) बिषय लिई टि.एस्.एल.सि उत्तीर्ण गरेको ।

ख) उमेर: दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको ।

ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरीने गरी कुनै कारवाही नभएको ।

घ) नैतिक पतन तथा  फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको ।

२. दरखास्त दिने स्थान :- परशुराम न.पा. को कार्यालय, पशु सेवा शाखा ।

३. दरखास्त दिने अन्तिम मिति :- मिति २०७९ /०५/२३ गते कार्यालय समय भित्र ।

४. आवेदन दस्तुर :- ५०० (पाँच सय मात्र ) नेपाल बैंक लि. शाखा जोगबुडा डडेल्धुरा को आन्तरिक राजश्व खाता नं २४४०३०००००१००१००००००१  मा जम्मा गरेको सक्कलै भौचर ।

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित र मौखिक परीक्षा ।

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदकले स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कगजातको प्रतिलिपीहरु :-

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र
- २ प्रति पासपोर्ट साइजको फोटो
- कार्यानुभव भए सो को प्रमाणपत्र

७. सेवा सुविधा : नगरपालिकाको निर्णयानुसार ।

*नोट : आवेदनको ढाँचा यस  परशुराम नगरपालिकाको* **website :** parshurammun@gmail.com *तथा कार्यालय बाट प्राप्त गर्न सकिनेछ ।*

तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत